दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ४६ | बुटवल | २०८१ माघ २७, गते आइतबार | नेपाल संवत १९४५ | Sunday Feb. 09, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## बहुमतको दुरूपयोग नगर : नेपाल



बुटवल । नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले कांग्रेस एमालेलाई संसदमा रहेको बहुमतको दुरुपयोग नगर्न चेतावनी दिएका छन् ।

अध्यादेश र संविधान संशोधनलगायतका विषयमा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका नेपालले संसदको संख्याको दुरुपयोग गरे जनताले प्रतिकार गर्ने चेतावनी दिएका हुन् ।

'संख्याको मात लागेर दुरुपयोग गर्नु थाल्नुभयो भने त्यसको प्रतिकारमा जनता उत्रिन्छन्', उनले भने-'जनताभन्दा शक्तिशाली कोही पनि हुँदैन ।'

उनले अहिलेको सरकारले संख्याकै मातमा दुई दलीय व्यवस्थाको वकालत गर्न थालेको बताउँदै संविधान संशोधन गरेर दुई दलीय व्यवस्था राख्ने एजेन्डा छ कि ? भन्ने प्रश्न पनि गरे । नेपालले त्यसो भए सामना गर्न तयारी रहेको पनि बताए ।

अध्यक्ष नेपालले सरकारलाई संख्याकै मात लागेको भए छिमेकी देशहरुका घटना हेर्न सुझावसमेत दिए ।

'तपाईंहरुलाई संख्याको मात लागेको हो भने छिमेकी देशहरुको घटना सम्झिनुस् । चाहे त्यो बंगलादेश होस् चाहे त्यो श्रीलंका होस् । त्यसले कमसे कम पाठ सिकाउनुपर्ने हो ।'-उनले भने ।

नेपालले प्रधानमन्त्री बन्नकै लागि प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनको कुरा गरेर दुनियाँलाई ठगेको आरोप लगाए ।

संविधान संशोधनलाई मुख्य एजेन्डा बनाएर सरकार परिवर्तन गरेको बताउने प्रधानमन्त्रीले अहिले ०८७ मा संविधान संशोधन हुन्छ भन्नु नै त्यसको प्रमाण भएको बताए ।

# अध्यादेशमा एमालेले मागेको सहयोग माओवादीबाट अस्वीकार

### मुलुकका समस्या समाधान गर्ने असल नियत भए अध्यादेश फिर्ता लिएर प्रक्रियागत रूपमा विधेयक ल्याउन माओवादीको माग छ ।





**लुम्बिनी संवाददाता**
*बुटवल*

अध्यादेश पारित गर्न नेकपा एमालेले मागेको सहयोग प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले अस्वीकार गरेको छ ।

एमाले महासचिव शंकर पोखरेलले माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनलाई टेलिफोन गरी अध्यादेशमा सघाउन आग्रह गरेका थिए ।

पोखरेलले टेलिफोन गरेर सहयोग मागे पनि पुनले अध्यादेशका प्रकृया र नियत नै गलत भएको भन्दै ठाडै अस्वीकार गरिदिएका छन् । पुनले कुराकानीको क्रममा आफूले अध्यादेशमा सरकारलाई सघाउन नसक्ने स्पष्ट पारेको बताएका छन् ।

पोखरलले आफूसँग टेलिफोन गरी अध्यादेशमा सहयोग खोजेको, तर त्यो असम्भव भएको भन्दै अस्वीकर गरेको पुनले बताएका छन् ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी, निजीकरण ऐन-२०५० लाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी अध्यादेश, सहकारीसम्बन्धी अध्यादेश र भूमिसम्बन्धी अध्यादेश ल्याएको थियो । राष्ट्रपति जारी भइसकेका ती अध्यादेश सरकारले गत १८ माघमा हिउँदे अधिवेशनको पहिलो बैठकमै प्रतिनिधिसभा र राष्ट्रियसभामा पेस गरिसकेको छ ।

बिहीबारको प्रतिनिधिसभा र राष्ट्रियसभा बैठकमा ती अध्यादेश निर्णयार्थ पेस गर्ने तयारी थियो । तर, प्रतिनिधिसभामा सुविधाजनक बहुमत भए पनि राष्ट्रियसभामा अल्पमतमा रहेकाले सरकारले सभामुखलाई आग्रह गरी अन्तिम समयमा आएर कार्यसूचीबाट हटाउन लगाएको थियो ।

६० दिनभित्र संघीय संसद्बाट प्रतिस्थापन विधेयक पारित भएर राष्ट्रपतिले अनुमोदन नगरे कानुनी रिक्तता हुन्छ कि भन्ने दबाबमा सरकार छ । उप-महासचिव पुनले अध्यादेश अस्वीकृत हुने र सरकार छाड्न नैतिक दबाब पर्ने भएपछि एमाले आत्तिएको टिप्पणी गरे ।

अध्यादेशअघि सामान्य छालफलसमेत गर्न आवश्यक नठानेको एमाले नेतृत्व र प्रधानमन्त्री केपी ओली नैतिक संकटमा फस्ने भएपछि आफूहरुसँग सहयोगको हात बढाएको उनको भनाइ थियो ।

अध्यादेशबाट शासन गर्न उद्धत भएर आफूहरूलाई बाइपास गरेको एमालेले अप्ठ्यारोमा परेपछि सहयोग माग्न थालेको पुनले बताए । मुलुकका समस्या समाधान गर्ने असल नियत भए अध्यादेश फिर्ता लिएर प्रक्रियागत रूपमा विधेयक ल्याउन उनले आग्रह गरे ।

'दुईतिहाइको दुहाई दिने सरकारले अध्यादेबाट शासन गर्न खोजेको छ । संविधान संशोधनको सहमति गर्दा दुईतिहाइ छ भनेर हामीलाई बाइपास गर्न खोज्नुभयो । राष्ट्रिय सभामा बहुमत नभएपछि अहिले हारगुहार गर्दै हुनुहुन्छ,' पुनले भने-'अस्तिसम्म हामीसँग दुईतिहाइ छ भनेर धाक लगाउँदै हिंड्नु भएको थियो । अब दुई दलीय व्यवस्थामा लान्छौं भन्ने हुंकार गर्नुहुन्थ्यो । अहिले सहयोग गर्नुहोस् भनेर अनुरोध गर्ने ठाउँमा पुग्नुभएको छ ।'

फरक प्रसंगमा पुनले वर्तमान सरकारले भ्रष्टाचार, अनयिमितता, राज्य दोहन र तस्करीमा संलग्नलाई संरक्षण गरिरहेको आरोप लगाए । एकपछि अर्को गरेर मानव तस्करी र सहकारी ठगीमा संलग्न सत्तापक्षका नेता कार्यकर्तामाथि मुद्दा चलाउनु नपर्ने निर्णय गरिरहेको राज्य संयन्त्रले उस्तै प्रकृतिको कसुरमा विपक्षी दलका नेता र सर्वसाधारणमाथि विभेदपूर्ण र प्रतिशोधी तवरले छानबिन र अभियोजन गरिरहेको टिप्पणी पुनको थियो ।

'मानव तस्करीमा प्रश्न उठेका मन्त्री जापान पुग्नुहुन्छ । जापानले एयरपोर्टबाटै फिर्ता पठाउँछ । उहाँले लगेका युवाहरू थुनामा छन् । एमालेकै सांसद भएका कारण उहाँले उन्मुक्ति पाउनुभएको छ । कांग्रेसका सांसदमाथि प्रश्न उठ्छ । सरकारी वकिलले मुद्दा चलाउँदैन,' पुनले भने-'त्यस्तै प्रकृतिको मुद्दामा विपक्षी दलको नेतालाई देशैभर हिंडाइन्छ ।'

उनले सबैमाथि निष्पक्ष छानबिन हुनुपर्ने भन्दै अनुसन्धान निर्देशित हुनु हुँदैन भन्ने माओवादीको मान्यता रहेको बताए । 'राज्यका संयन्त्र कसैका लागि उन्मुक्ति र कसैकाविरुद्ध प्रतिशोधका साधन बनाइएकोमा हाम्रो आपत्ति हो ।'- उनले भने ।

## 'सामाजिक सञ्जाल विधेयकमा परिमार्जन जरूरी'



बुटवल । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले सामाजिक सञ्जालसम्बन्धी विधेयक आवश्यक संवाद र परिमार्जन गरेर मात्रै संसद्बाट पारित गर्ने बताएका छन् ।

शनिबार काठमाडौं आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । सरकार र सामाजिक सञ्जाल प्रयोगकर्ता दुवैको शैली भने परिवर्तन गर्न जरुरी रहेको शर्माको भनाइ छ ।

'सरकार र सामाजिक सञ्जाल दुवैको शैली बदल्न जरुरी छ । राजनीतिले पनि आफूभित्र परिवर्तन खोज्नु भनेको छ । सामाजिक सञ्जालको प्रयोगकर्ताहरूले पनि यसको प्रयोग गरिरहँदै गर्दा राख्नुपर्ने मर्यादको सन्दर्भमा गम्भीर बहसमार्फत् परिमार्जन गर्न जरुरी छ,' उनले भने-'सामाजिक सञ्जाल भनेको संसद् बाहिरको संसद् हो ।

यो संसद्ले सही ढंगले फिडब्याक दिने कर्म गऱ्यो भने, यो बाहिर रहेको संसद्मा सही प्रश्नमा सही ढंगले खबरदारी गऱ्यो भने भित्र रहेको संसद्ले आफूलाई अझ बढी जिम्मेवार बनाउन, देश जनताको मुद्दाप्रति अझैं गम्भीर बन्न, आफूलाई परिमार्जित गर्नका लागि सजिलो हुन्छ । शासन प्रणाली बदल्यौं, तर शासनको शैली अझैं बदल्न सकेका छैनौं । यो विधेयक आउँदै गर्दा आम सरोकारवालाहरूसँग छलफल हुनुपर्दथ्यो ।'

उनले सरकारमै रहेको दल नेपाली कांग्रेससँग पनि छलफल नगरिएको भन्दै आपत्ति जनाए । शासन शैली प्रजातान्त्रिक नभएको भन्दै उनले यसलाई परिमार्जन गर्न आग्रह गरे ।

'सरकारमै रहेको मुख्य दुई दलबीचमा पनि गहन संवाद भएन । त्यसले के बताउँछ भने शासन गरिरहँदाको शैली मोर डेमोक्रेटी हुनुपर्दथ्यो, अपनत्वको अनुभूति हुनुपर्दथ्यो,' उनले थपे-'अहिले सामाजिक सञ्जालसम्बन्धी जुन विधेयक आएको छ । यो विधेयक आवश्यक संवादपछि, छलफलपछि, परिमार्जनपछि मात्रै पास हुन्छ ।'

महामन्त्री शर्माले प्रतिनिधि चुनिएका व्यक्तिहरूले नै लोकतन्त्रलाई हनन गरेको उदाहरण कतिपय ठाउँमा रहेको भन्दै यसमा गम्भीर बन्नुपर्ने बताए ।

## 'शाइन रेसुङ्गा रन' विजेतालाई एकलाख पुरस्कार




बुटवल । दश किलोमिटर दौडमा हालसम्मकै सर्वाधिक पुरस्कार राशिको 'शाइन रेसुंगा नेश्नल १० के रन' प्रतियोगिता बुटवलमा हुने भएको छ ।

शाइन रेसुंगा डेभलपमेन्ट बैंकले आफ्नो १७औं वार्षिकोत्सवको अवसरमा फागुन ११ गते प्रतियोगिता गर्न लागेको हो ।

'रन टु शाइन' नाराका साथ आयोजना गर्न लागिएको प्रतियोगितामा महिला/पुरुष खुला, स्थानीय र ५० वर्षमाथि गरी तीन विधामा प्रतिस्पर्धा गराइने छ ।

प्रतियोगिताको पुरस्कार राशि पाँच लाख रुपैयाँ रहेको छ । खुलातर्फको महिला/पुरुष विजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

एथलेटिक्सको १० किलोमिटर विधामा राखिएको रकम नेपालकै सर्वाधिक पुरस्कार रकम हो ।

खुलातर्फ दोस्रो हुनेले ४० हजार, तेस्रो हुनेले २० हजार, चौथो हुनेले १५ हजार र पाँचौ हुने धावकले १० हजार रुपैयाँ प्राप्त गर्नेछ । स्थानीय र ५० वर्षमाथिको विधाका विजेताले १५ हजार, दोस्रोले १० हजार, तेस्रोले पाँच हजार, चौथोले २५ सय रुपैयाँसहित मेडल, प्रमाणपत्र प्राप्त गर्नेछन् । दौडमा भाग लिन इच्छुकले शाइन रेसुंगा डेभलपमेन्ट बैंकको वेबसाइटमा गएर वा बुटवलस्थित बैंकको केन्द्रीय कार्यालयमा आएर फारम भरी निःशुल्क नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको बैंकका ब्राण्ड तथा एचआर हेड प्रभास राईले बताए ।

बुटवल कालिकानगरस्थित बैंकको केन्द्रीय कार्यालयबाट सुरु हुने दौड मणिग्राम चोकमा पुगेर पुनः कालिकानगर आई समापन हुनेछ ।

» बाँकी २ पेजमा



# सम्पादकीय

## काठमाडौं–दिल्ली बस सेवा अवसर कि चुनौती ?

काठमाडौं-दिल्ली सिधा बस सञ्चालनले दुई देशका नागरिकलाई आवतजावत गर्न जति सहज भएको छ, त्यसैगरी यो दुई देशबिचको मित्रताको सेतु पनि हो । हवाइ, सडक र रेलमार्गलगायतको सञ्जालले छिमेकी मुलुकसँगको सम्बन्धलाई दरिलो बनाउँछ । नेपाल-भारत दुई देशबिचको मित्रताको सेतु बस सेवा क्रमशः सीमा अपराधीका लागि सहज बन्न थालेको छ । काठमाडौं-दिल्ली बस सेवालाई अपराधीले अपराधिक गतिविधि बढाउन प्रयोग गर्नु दुःखद छ ।

नेपाल-भारतबिचको खुला सीमा दुवै देशका लागि अवसर हो, त्योभन्दा बढी चुनौती । खुला सीमाले नेपाल-भारत दुवै देशका लागि अन्तर सीमा अपराध नियन्त्रण चुनौती भएको छ । दुई देशका सीमा अधिकारीहरुबिच हुने बैठकमा सीमा अपराध नियन्त्रणको विषय सधैं छलफल हुन्छ । भारतीय पक्षबाट नेपाल भारत विरोधी गतिविधि गर्नेहरुको आश्रय रहेको धारणा पटक-पटक आइरहन्छ, त्यसैगरी नेपाली पक्षले भारतले नेपालमा अपराध गरेर भारतमा बस्दै आएका व्यक्तिहरुलाई पक्राउ गर्न सहजै सहयोग नगरेको पटक-पटक गुनासो गर्दै आएको छ । दुई देशका अधिकारीले एकले अर्कोलाई असहयोगको गुनासो पटक-पटक गरेको भए पनि खास समस्या कुन विषयमा हो भन्ने बारेमा छलफल गरेर निष्कर्ष निकाल्न चुकेका छन् ।

खुला सीमा अवसर हो, त्यसको बहुआयामिक प्रयोग गरी फाइदा लिने योजना बनाउँदा दुई देशको खुला सीमालाई नियमन गरी अपराध नियन्त्रण संभव छ । त्यसो हो भने किन दुई देश चुकिरहेका छन् ? दिल्ली-काठमाडौं बस सेवा लागुऔधष ओसारपसारमा पनि प्रयोग भइरहेको प्रहरीले सूचना पाएको छ, कतिपय अवस्थामा बरामद पनि भएका उदाहरण छन् । काठमाडौंबाट विभिन्न बहानामा किशोरीहरु यही बस प्रयोग गरेर दिल्ली पुगेका छन् । त्यसपछि उनीहरु मानव बेचबिखनकर्ताको चंगुलमा परिरहेको पनि प्रहरी अधिकारीहरु बताउँछन् । गरिबी, अशिक्षा र बढ्दो महत्वकांक्षाले किशोरीहरुलाई सहजै मानव बेचबिखनकर्ताको चंगुलमा पुर्‍याएकाले रोकथामका लागि नेपाल-भारतका सीमा सुरक्षा निकायको निगरानी अझैं बढाउनुपर्ने देखिन्छ । सिधा बस सेवा मित्रता र सम्बन्धको सेतु मात्रै नभई अपराधको कनेक्शन हुनु दुवै मुलुकका लागि गम्भीर विषय हो ।

बेलहियालगायतका नाकामा प्रहरी निगरानी जति बढाउन आवश्यक छ, बसमा यात्रा गरिरहेकाहरुको प्रष्ट परिचय र कामको विवरण पनि माग्ने, ती विवरणको विश्लेषण गरेर मात्रै उनीहरुलाई यात्रा गर्न दिने हो भने मात्रै मानव बेचबिखन नियन्त्रण गर्न संभव छ ।

# दाङमा अन्तरप्रदेशस्तरीय थारू साँस्कृतिक सम्मेलन



दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले परम्परागत मौलिक कला संस्कृति संरक्षण गर्दै त्यसलाई समुदायको आयआर्जनसँग जोड्नुपर्ने बताएका छन् । अन्तरप्रदेशस्तरीय थारु सांस्कृतिक सम्मेलनको शनिबार दाङमा उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले थारु समुदायको मौलिक कला, संस्कृति संरक्षण गर्दै त्यसलाई आर्थिक आम्दानीसँग जोड्न आवश्यक रहेको बताएका हुन् ।

प्रदेश सरकारले थारु सांस्कृतिक सङ्ग्रहालय, होमस्टे सञ्चालनजस्ता कार्यलाई प्राथमिकतामा राखेको बताउँदै समुदायमा सीप हस्तान्तरणलाई समेत प्राथमिकतामा राखिएको बताए ।

मुख्यमन्त्री आचार्यले थारु समुदायको प्रत्येक क्षेत्रमा प्रतिनिधित्व सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । निजामती सेवामा थारु समुदायको १४ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको जानकारी गराउँदै उनले लोकसेवा आयोगले गर्ने विज्ञापनमा दरखास्त दिएर सहभागी हुन आह्वान गरे । स्थानीय मदिराको बजारीकरणका लागि सङ्घीय सरकारले कानुन नबनाउँदा समस्या उत्पन्न भएको उल्लेख गर्दै उनले वर्तमान सांसदबाट विधेयक पारित गरेर भए पनि समस्या समाधान गर्न आग्रह गरे ।

थारु समुदायलगायत आदिवासी जनजातिले परम्परागत रूपमा उत्पादन गर्दै आएको स्थानीय मदिरालाई बजारसँग जोड्न प्रदेश सरकारले प्राथमिकता दिएको भए पनि सङ्घीय सरकारबाट कानुनी व्यवस्था नहुँदा ब्रान्डिङ र लेबलिङमा समस्या देखिएको मुख्यमन्त्री आचार्यले बताए ।

# रोहिणीमा बालबालिकालाई कपडा वितरण




बुटवल । पहिलो पाइला नेपाल बुटवल शाखाले रुपन्देहीको रोहिणी गाउँपालिका ६ स्थित पशुपति माध्यमिक विद्यालयका बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरेको छ । संस्थाको न्यानो माया अभियान अन्तरगत शनिबार विद्यालयका ३ सय ६४ जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको हो ।

सो अवसरमा बोल्दै रोहिणी गाउँपालिका अध्यक्ष विद्याप्रसाद यादवले संघसंस्थाको सहयोगले विद्यार्थीको पठन-पाठनमा सकारात्मक प्रभाव पार्ने बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष शिवकान्ती हरिजन , पहिलो पाइला नेपालका केन्द्रीय वरिष्ठ उपाध्यक्ष आयुष पौडेल, रोहिणी गाउँपालिका शिक्षा शाखा प्रमुख मधुप्रसाद घिमिरेलगायतले बोल्दै सामाजिक र मानवीय कार्यमा थप सक्रिय भएर लाग्न आह्वान गरेका थिए ।

पहिलो पाइला बुटवल शाखाका अध्यक्ष सन्तोष बन्जाडेले अभाव र समस्याहरुका बीचमा गएर संस्थाले मानवीय कार्यमा जोडिँदै आएको उल्लेख गर्दै संस्थाले लुम्बिनी प्रदेशका विभिन्न जिल्लाहरुमा पुगेर गरिब तथा विपन्न परिवारलाई राहत वितरणका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै विभिन्न सिर्जनशिल क्रियाकलापहरुमा सहभागिता जनाउँदै आएको संस्थाका गौरव खनालले बताए ।

# आठ करोडको लगानीमा च्याउ उद्योग सञ्चालनमा

नवलपरासी । पश्चिम नवलपरासीको परासीमा संयुक्त लगानीमा च्याउ उद्योग सञ्चालनमा आएको छ ।

कूल रु आठ करोडको लगानीमा स्थापना गरिएको सो उद्योगले मासिक २० टन डल्ले च्याउ उत्पादन गर्ने जनाइएको छ । रामग्राम नगरपालिका-६ पोखरापालीमा स्थापित सो उद्योगलाई युवा व्यवसायी कमल कसौधन, लवकुश वर्मा र सुनिल बर्माको टिमले उद्योग सञ्चालनमा ल्याएका हुन् ।

रामग्राम नगरपालिका-६ जौरहीमाई पार्कको उत्तर पट्टि करिव १६ कट्ठा क्षेत्रफलमा उद्योग सञ्चालन गरिएको सञ्चालक कसौधनले बताए ।

बाह्रै महिना नै उत्पादन गर्न सकिने कुल २० टनसम्म मासिक उत्पादन हुने डल्ले च्याउको स्वदेश र विदेशसमेतमा उच्च माग रहेको सञ्चालकले बताएका छन् ।

पछिल्लो समय परासी आसपासको क्षेत्र औद्योगिक करिडोर पनि बन्दै हो ।

नवलपरासीको सदरमुकाम परासीमा साना, मझौला र ठूला उद्योग खुल्ने क्रम जारी रहेका छन् ।

### शाइन...

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नेपाल एथलेटिक्स संघको स्वीकृतिमा सञ्चालन हुने प्रतियोगिताको व्यवस्थापनका लागि बैंकका तर्फबाट सिइओ प्रकाश पौडेल र व्यवस्थापनको जिम्मा पाएको कखराका हिमबिक्रम केसीले सम्झौता पत्रमा हस्ताक्षर गरेका छन् ।

बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खेलकुदमार्फत् स्वस्थ समाज निर्माणमा टेवा पुर्‍याउने उद्देश्यअनुरूप दौड प्रतियोगिता गर्न लागिएको बताए । बैंकले वातावरण संरक्षणका लागि १६ हजार बिरुवा वृक्षारोपण गरिसकेको छ भने अन्य विभिन्न सामाजिक कार्यमा समेत आफूलाई अग्रणी स्थानमा उभ्याएको सिइओ पौडेलले बताए ।

शाइन रेसुंगा बुटवलमा प्रधान कार्यालय रहेको लुम्बिनी प्रदेशको एक मात्र राष्ट्रियस्तरको विकास बैंक हो । बैंकले ८८ वटा शाखा, एक एक्सटेन्सन काउन्टर, १६ एटीएम मेसिनबाट सेवा प्रवाह गरिरहेको छ । ७ लाख ५ हजार बढी बचतकर्ता रहेको बैंकले १७ हजार बढीलाई विभिन्न प्रकृतिका कर्जा प्रवाह गरेको छ । बैंकमा ७ सय ३८ जना कर्मचारी कार्यरत छन् ।

**नेपाल रेडक्रस सोसाइटी**
रुपन्देही जिल्ला शाखा

**शिलबन्दी कोटेशन आव्हान सम्बन्धि सुचना**

प्रकाशित मिति २०८१/१०/२७

नेपाल रेडक्रस सोसाइटीको समन्वय एवं स्वीस रेडक्रसको सहयोगमा रुपन्देही जिल्ला शाखा अन्तरगर्त सैनामैना नगरपालिकामा सञ्चालित शहरी पूर्व तयारी तथा आपतकालिन प्रतिकार्य प्रवर्द्धन,(SUPER)परियोजना रुपन्देही अन्तरगर्त सैनामैना नगरपालिकामा परियोजना संचालित विद्यालयहरुमा “विद्यालयको सुरक्षित स्थानान्तरण नक्सा” को प्रिन्टीङ्ग कार्य गरि होडिङ्ग बोर्ड तयार तथा भित्ताहरुमा नक्साकंन कार्य गर्नुपर्ने भएकोले इन्छुक कम्पनी वा फर्मले नेपाल सरकारबाट सम्बन्धित कामका लागि ईजाजत प्राप्त सप्लायर्स, कम्पनी वा फर्मले सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र आफ्नो नवीकरण भएको फर्म दर्ता, मूल्य अभिबृद्धि कर प्रमाणपत्र र आ.ब.२०८०/८१को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि शीलबन्दी कोटेशन पेश गर्न अनुरोध गरीन्छ ।

**शर्तहरु**

१.प्राप्त कोटेशनहरु कोटेशन प्रस्तुत गर्ने अन्तिमदिनको भोलि पल्ट दिनको १:०० बजे ने.रे.सो. रुपन्देही जिल्ला शाखामा खोलिने छ, खोलिने दिन विदा परेमा सोको भोलि पल्ट खोलिने छ ।
२. कोटेशनदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्नका लागि बाधा पर्ने छैन ।
३. म्याद नाघि आएको, रित नपुगेको वा शर्त राखी पेश भएको कोटेशनहरु माथि कुनै कारवाही गरिने छैन ।
४. छपाई सामग्रीको नमुना यस कार्यालयबाट उपलब्ध गराइने छ ।
५. कोटेशनमा दर भाऊ प्रष्ट खुल्ने गरि अंक र अक्षरमा उल्लेख गर्नु पर्ने छ ।
६. भित्ताहरुमा नक्साकंन कार्य गर्नको लागि कति दरभाऊ र होडिङ्ग बोर्डमा नक्साकंन कार्य गर्नको लागि कति दर भाऊप्रष्ट खुल्ने गरि हुनुपर्ने छ ।
७. ढुवानी तथा जडानको समेत रकम समावेश गरेर पेश गर्नु पर्ने छ ।
८. कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखामा निहित रहनेछ ।

**नेपाल रेडक्रस सोसाइटी**
रुपन्देही जिल्ला शाखा
सम्पर्क नं.: ९८६७३८०३८३

**Malarani Rural Municipality**
Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

**Invitation for Bids**

Date of publication: 09-February, 2025 (2081/10/27)

Malarani Rural Municipality, Khanadaha Arghakhanchi invites electronic Sealed Quotations/Bids from eligible bidders for the procurement of works as mentioned below:

| IFB No. | Contract Name | Identification No | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Estimated Amount (Exclusive of VAT & Contingencies) (NPR) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Tinsalli Temple, Malarani-02 | RE-MRM/W/SQ/2081/082/17 | 1000.00 | 29,000 | 9,81,491.67 | 24/02/2025 12:00 (2081/11/12) |
| 2 | Completion of Remaining Civil works of Academic Building at Kiran Secondary School, MRM-04 | MRM/W/NCB/2081/082/18 | 3000.00 | 1,00,000 | 34,14,769.77 | 11/03/2025 12:00 (2081/11/27) |
| 3 | Construction of ward based Health post Building, MRM-09 | MRM/W/NCB/2081/082/19 | 3000.00 | 56000 | 18,89,691.61 | 11/03/2025 12:00 (2081/11/27) |
| 4 | Construction of Primary School Building(Truss structure) of Siddha Nera Secondary School, MRM-01 | MRM/W/NCB/2081/082/20 | 3000.00 | 58000 | 19,80,199.28 | 11/03/2025 12:00 (2081/11/27) |

For more details, please visit PPMO website: www.bolpatra.gov.np/egp.
or www.malaranimun.gov.np.or scan the QR code for full notice.

# प्रेस चौतारी नवलपरासीको अध्यक्षमा जयसवाल



परासी । प्रेस चौतारी नेपाल पश्चिम नवलपरासीको सातौं जिल्ला अधिवेशनले गौरीशंकर जयसवाल अध्यक्ष रहेको ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

परासीमा सम्पन्न सातौं जिल्ला अधिवेशनबाट उपाध्यक्षमा सुरेश यादव, महिला उपाध्यक्षमा आरती राना, सचिवमा कल्पना खरेल, सह-सचिवमा अभिषेक राव र शून्याना चौधरी, कोषाध्यक्षमा महेश यादवलाई चयन गरेको हो । सदस्यमा टेकबहादुर हरिजन, अमृता बिक चयन भएका छन् ।

कार्यक्रममा प्रेस चौतारीका केन्द्रीय सचिव तथा लुम्बिनी प्रदेश इञ्चार्ज प्रदिप आचार्य, केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज दिपु पोखेल, चौतारीका प्रदेश सचिव बेनीमाधव बस्याल, नेकपा एमालेका जिल्ला उपाध्यक्ष डोलराज भण्डारी, सामुदायिक रेडियो परासीका अध्यक्ष राजकुमार रेश्मी, नेपाल पत्रकार महासंघ नवलपरासीका उपाध्यक्ष विकास अधिकारीलगायतले धारण राखेका थिए ।

## स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको

# तपसिलका ऋणिहरुलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।१०।२७

तपाई तपसिलका ऋणीहरुले यस वित्तीय संस्थाबाटचल/अचल सम्पत्ति सुरक्षण वापत धितो राखि वा नराखि (बिना धितो सामुहिक जमानी) लिनुभएको ऋण रकम यस वित्तीय संस्थासँग गर्नुभएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतनामा उल्लंघन गर्नु भएको र वित्तीय संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जा चुक्ता गर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गरेको पाइएकाले कर्जा चुक्ता गर्न यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लघुवित्त वित्तीय संस्थाको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गरी वित्तीय संस्थाबाट लिएको कर्जाको सम्पुर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता गर्नुहुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा वित्तीय संस्थालाई तिर्नु, बुझाउनु पर्ने कर्जा, व्याज नबुझाएमा प्रचलित ऐन, कानून तथा यस वित्तीय संस्थासँग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेका वा नरहेका चल अचल सम्पत्ती लिलामविक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

### तपसिल

| क्र.स. | शाखा कार्यालय | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | व्यक्तिगत जमानिकर्ताको नाम, नाता, ठेगाना, ना.प्र.प.नं. | धितो जमानीको प्रकृती |
|---|---|---|---|---|
| १) | चन्द्रौटा, कपिलवस्तु | ऋणीको नाम/थर: जानकी कुमारी शर्मा<br>ठेगाना: शिवराज ५, कपिलवस्तु<br>नागरिकता नं.: ५२३/२२४५<br>पति/पिताको नाम: पवित्र प्रकाश अधिकारी/कृष्ण प्रसाद शर्मा<br>बाजे/ससुरा : डिल्ली राम अधिकारी | नाम/थर: पवित्र प्रकाश अधिकारी<br>ठेगाना: शिवराज ५, कपिलवस्तु<br>नागरिकता नं.: ३८-०२-७७-०१०३०<br>पति/पिताको नाम: डिल्ली राम अधिकारी<br>नाता: पति | सामुहिक जमानी |
| २) | चन्द्रौटा, कपिलवस्तु | ऋणीको नाम/थर: सुभावती पासी<br>ठेगाना: विरपुर ४, कपिलवस्तु (हाल: शिवराज ६, कपिलवस्तु)<br>नागरिकता नं.: ३८०२०६६००९४०<br>पति/पिताको नाम: राम नाथ पासी/बवुन्तर पासी<br>बाजे/ससुरा : कासी राम पासी | नाम/थर: राम नाथ पासी<br>ठेगाना: विरपुर ४, कपिलवस्तु (हाल: शिवराज ६, कपिलवस्तु)<br>नागरिकता नं.: २०३००<br>पति/पिताको नाम: कासी राम पासी<br>नाता: पति | सामुहिक जमानी |
| ३) | फर्साटिकर, रुपन्देही | ऋणीको नाम/थर: माया गुप्ता (बनिया)<br>ठेगाना: दयानगर २, रुपन्देही (हाल: सियारी ५, रुपन्देही)<br>नागरिकता नं.: ३७३०४३/४२<br>पति/पिताको नाम: राजिन्द्र गुप्ता बनिया/कृष्णदास गुप्ता<br>बाजे/ससुरा : राम रतन गुप्ता बनिया | नाम/थर: राजिन्द्र गुप्ता बनिया<br>ठेगाना: दयानगर २, रुपन्देही (हाल: सियारी ५, रुपन्देही)<br>नागरिकता नं.: ३७३०४३/९२<br>पति/पिताको नाम: राम रतन गुप्ता बनिया<br>नाता: पति | सामुहिक जमानी |
| ४) | फर्साटिकर, रुपन्देही | ऋणीको नाम/थर: लक्ष्मी सुनार<br>ठेगाना: सुद्धोधन ७, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७४-०५९८३<br>पति/पिताको नाम: गान्धी सिंह वि.क./मन बहादुर सुनार<br>बाजे/ससुरा : कुवेर सिंह विश्वकर्मा | नाम/थर: गान्धी सिंह वि.क.<br>ठेगाना: मान मटेरिया १, रुपन्देही (हाल: सुद्धोधन ७, रुपन्देही)<br>नागरिकता नं.: ३७१०२९/१८८३८<br>पति/पिताको नाम: कुवेर सिंह विश्वकर्मा<br>नाता: पति | सामुहिक जमानी |
| ५) | मणिग्राम, रुपन्देही | ऋणीको नाम/थर: अयोध्या कुमारी<br>ठेगाना: पतरिया ७, कपिलवस्तु (हाल: तिलोत्तमा ११, रुपन्देही)<br>नागरिकता नं.: ३८१००५/५०४<br>पति/पिताको नाम: कृष्ण वहादुर चौधरी/भगौती प्रसाद थारु<br>बाजे/ससुरा : सुरेश थारु | नाम/थर: कृष्ण वहादुर चौधरी<br>ठेगाना: पतरिया ७, कपिलवस्तु (हाल: तिलोत्तमा ११, रुपन्देही)<br>नागरिकता नं.: ३८१००५/४९६<br>पति/पिताको नाम: सुरेश थारु<br>नाता: पति | सामुहिक जमानी |
| ६) | मणिग्राम, रुपन्देही | ऋणीको नाम/थर: दिपा नेपाली<br>ठेगाना: करहिया ६, रुपन्देही (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.: ९६८९<br>पति/पिताको नाम: डिल बहादुर नेपाली/डिल बहादुर दमै<br>बाजे/ससुरा : लक्ष्मण नेपाली | नाम/थर: डिल बहादुर नेपाली<br>ठेगाना: करहिया ६, रुपन्देही (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.: ८/५७६<br>पति/पिताको नाम: : लक्ष्मण नेपाली<br>नाता: पति | सामुहिक जमानी |
| ७) | मणिग्राम, रुपन्देही | ऋणीको नाम/थर: दिलमाया नेपाली (दमाई)<br>ठेगाना: मक्रहर २, रुपन्देही (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.: ३७३००१/१११३<br>पति/पिताको नाम: बिष्ने नेपाली/जितबहादुर दमाई<br>बाजे/ससुरा : केसर बहादुर नेपाली | नाम/थर: बिष्ने नेपाली<br>ठेगाना: मैनादी ४, पाल्पा (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.:११९१<br>पति/पिताको नाम: केसर बहादुर नेपाली<br>नाता: पति | सामुहिक जमानी |
| ८) | मणिग्राम, रुपन्देही | ऋणीको नाम/थर: शान्ती दमाई<br>ठेगाना: करहिया ६, रुपन्देही (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.: १००६/२९६७१<br>पति/पिताको नाम: सन्तोष कुमार दमाई/कमल बहादुर दमाई<br>बाजे/ससुरा : हर्ष बहादुर दमाई | नाम/थर: सन्तोष कुमार दमाई<br>ठेगाना: करहिया ६, रुपन्देही (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.: ९२२१<br>पति/पिताको नाम: हर्ष बहादुर दमाई<br>नाता: पति | सामुहिक जमानी |
| ९) | मणिग्राम, रुपन्देही | ऋणीको नाम/थर: कोपिला अधिकारी<br>ठेगाना: तानसेन १०, पाल्पा (हाल: बुटवल ४, रुपन्देही)<br>नागरिकता नं.: २/३०६६<br>पति/पिताको नाम: ज्ञानु वर्मा/सुरेन्द्र बहादुर अधिकारी<br>बाजे/ससुरा : महाविर वर्मा | नाम/थर: आकाश वर्मा<br>ठेगाना: बुटवल ४, रुपन्देही<br>नागरिकता नं.: ३७-०२-८०-०२४३८<br>पति/पिताको नाम: ज्ञानु वर्मा<br>नाता: छोरा | सामुहिक जमानी |
| १०) | मणिग्राम, रुपन्देही | ऋणीको नाम/थर: जुन माया थापा<br>ठेगाना: करहिया ६, रुपन्देही (हाल: तिलोत्तमा ०७, रुपन्देही)<br>नागरिकता नं.: ८/५४३<br>पति/पिताको नाम: मान बहादुर थापा/झक बहादुर थापा<br>बाजे/ससुरा : बम बहादुर थापा | नाम/थर: कुमारी शान्ती देवी भण्डारी<br>ठेगाना: राजपुर ४, दाङ (हाल: तिलोत्तमा ०६, रुपन्देही)<br>नागरिकता नं.: ५२-०१-७८-०५६२८<br>पति/पिताको नाम: रन बहादुर भण्डारी/ मान बहादुर थापा<br>नाता: छोरी | सामुहिक जमानी |
| ११) | पकडी, कपिलवस्तु | ऋणीको नाम/थर: संगीता अहिर<br>ठेगाना: पतरिया ६, कपिलवस्तु (हाल: शुदोधन ०१, कपिलवस्तु)<br>नागरिकता नं.: ३८३००५/३७४<br>पति/पिताको नाम: राम कुमार कुर्मी/बिबर अहिर<br>बाजे/ससुरा : चुल्हई कुर्मी | नाम/थर: राम कुमार कुर्मी<br>ठेगाना: पतरिया ६, कपिलवस्तु (हाल: शुदोधन ०१, कपिलवस्तु )<br>नागरिकता नं.: २६९२२<br>पति/पिताको नाम: चुल्हई कुमी<br>नाता: पति | सामुहिक जमानी |
| १२) | पकडी, कपिलवस्तु | ऋणीको नाम/थर: सुघरी लोनिया<br>ठेगाना: मायादेवी ८, कपिलवस्तु<br>नागरिकता नं.: ३८-०१-७५-०२५४२<br>पति/पिताको नाम: जितेन्द्र लोनिया/जनार्दन लोनिया<br>बाजे/ससुरा : राम देव लोनिया | नाम/थर: जितेन्द्र लोनिया<br>ठेगाना: बिजुवा ६ , कपिलवस्तु ( मायादेवी ८, कपिलवस्त)<br>नागरिकता नं.: ३८-०१-७१-००८१४<br>पति/पिताको नाम: राम देव लोनिया<br>नाता: पति | सामुहिक जमानी |
| १३) | पकडी, कपिलवस्तु | ऋणीको नाम/थर: कमला थारु<br>ठेगाना: फुलिका ४, कपिलवस्तु<br>नागरिकता नं.: ३७५६६<br>पति/पिताको नाम: दासु थारु/राम चरन थारु<br>बाजे/ससुरा : शेषराम थारु | नाम/थर: राम लौटन थारु<br>ठेगाना: फूलिका ४ , कपिलवस्तु<br>नागरिकता नं.: ३८-०१-७३-०२३२७<br>पति/पिताको नाम: दासु थारु<br>नाता: छोरा | सामुहिक जमानी |
| १४) | खाताबजार, बर्दिया | ऋणीको नाम/थर: अनिता थारु<br>ठेगाना: ठाकुरबाबा ५, बर्दिया (हाल: मधुवन ४, बर्दिया)<br>नागरिकता नं.: ६५३००५-३६०<br>पति/पिताको नाम: आइते बहादुर थारु/आशाराम थारु<br>बाजे/ससुरा : बुद्धिमान थारु | नाम/थर: आइते बहादुर थारु<br>ठेगाना: वगनाह १, बर्दिया (हाल: मधुवन ४, बर्दिया)<br>नागरिकता नं.: ९९१२<br>पति/पिताको नाम: बुद्धिमान थारु<br>नाता: पति | सामुहिक जमानी |
| १५) | खाताबजार, बर्दिया | ऋणीको नाम/थर: खगिसरा शाही<br>ठेगाना: ठाकुरबाबा ५, बर्दिया<br>नागरिकता नं.: ५४५३७<br>पति/पिताको नाम: भुपेन्द्र शाही/वल बहादुर तारमी<br>बाजे/ससुरा : बालाराम शाही | नाम/थर: भद्रकला थापा<br>ठेगाना: सामला ४, दैलेख ( हाल: ठाकुरबाबा ५, बर्दिया)<br>नागरिकता नं.: १७७२<br>पति/पिताको नाम: राम बहादुर थापा (पति)<br>नाता: आमा | सामुहिक जमानी |
| १६) | खाताबजार, बर्दिया | ऋणीको नाम/थर: ममता मगर<br>ठेगाना: राजापुर १६, बर्दिया (हाल: राजापुर ६, बर्दिया )<br>नागरिकता नं.: ६५-०२-७१-०२४२५<br>पति/पिताको नाम: मिन बहादुर बैगार/ जितु मगर<br>बाजे/ससुरा : गोरे गाइने | नाम/थर: मिन बहादुर बैगार<br>ठेगाना: दोधरा ९, बर्दिया (हाल: राजापुर ६ बर्दिया )<br>नागरिकता नं.: ६५२०२४-९६४<br>पति/पिताको नाम: गोरे गाइने (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| १७) | खाताबजार, बर्दिया | ऋणीको नाम/थर: मन कुमारी सुनार<br>ठेगाना: मधुवन १, बर्दिया<br>नागरिकता नं.: ६५-१२-७५-०१४४६<br>पति/पिताको नाम: रामबहादुर वि.क. /खड्ग बहादुर सुनार<br>बाजे/ससुरा : शेर बहादुर विश्वकर्मा | नाम/थर: रेवती विश्वकर्मा<br>ठेगाना: श्रीपुर ६, कञ्चनपुर (हाल: मधुवन १, बर्दिया )<br>नागरिकता नं.: ११२३<br>पति/पिताको नाम: : शेर बहादुर विश्वकर्मा / बाबुराम विश्वकर्मा<br>नाता: सासु | सामुहिक जमानी |
| १८) | सुनवल, नवलपरासी | ऋणीको नाम/थर: निर्मला ओली<br>ठेगाना: मुरु १, रुकुम (हाल: सुनवल ३ नवलपरासी )<br>नागरिकता नं.: ५६-०१-६९/००६३०<br>पति/पिताको नाम: विजय पराजुली/हेमन्त प्रकाश ओली<br>बाजे/ससुरा : नरेन्द्र राज शर्मा | नाम/थर: विजय पराजुली<br>ठेगाना: सुनवल ३ नवलपरासी<br>नागरिकता नं.: ३६१०३८/३४२<br>पति/पिताको नाम: नरेन्द्र राज शर्मा (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| १९) | सुनवल, नवलपरासी | ऋणीको नाम/थर: धन माया बुढाथोकी श्रीस पुन<br>ठेगाना: गलकोट ६, वागलुङ (हाल: सुनवल ७, नवलपरासी)<br>नागरिकता नं.: ५०-०१-७५-०३९७७<br>पति/पिताको नाम: डम्मर बहादुर श्रीस पुन/कुल बहादुर बुढाथोकी<br>बाजे/ससुरा : भिम लाल श्रीस पुन | नाम/थर: सृजना घले<br>ठेगाना: चौतारा ८, सिन्धुपाल्चोक<br>नागरिकता नं.: २४१०४७/२२७३<br>पति/पिताको नाम: डम्बर बहादुर घले (पिता)<br>नाता: बहिनी | सामुहिक जमानी |
| २०) | सुनवल, नवलपरासी | ऋणीको नाम/थर: हेम कुमारी खवास<br>ठेगाना: अमरौट ९, नवलपरासी (हाल. रामग्राम १४, नवलपरासी)<br>नागरिकता नं.: ३६३०७३/३८३<br>पति/पिताको नाम: सुरज बहादुर खवास/गुण बहादुर खवास<br>बाजे/ससुरा : पूर्ण बहादुर खवास | नाम/थर: सुरज बहादुर खवास<br>ठेगाना: अमरौट ९, नवलपरासी (हाल: रामग्राम १४, नवलपरासी)<br>नागरिकता नं.:७४७५३<br>पति/पिताको नाम: पूर्ण बहादुर खवास<br>नाता: पति | सामुहिक जमानी |
| २१) | सुनवल, नवलपरासी | ऋणीको नाम/थर: ममता गैह्रे<br>ठेगाना: अज्यौली ४, नवलपरासी (हाल: सुनवल १, नवलपरासी)<br>नागरिकता नं.: ३६२०२५/१४३४<br>पति/पिताको नाम: दिवाकर ज्ञवाली /कृष्ण प्रसाद गैह्रे<br>बाजे/ससुरा : हरि प्रसाद ज्ञवाली | नाम/थर: दिवाकर ज्ञवाली<br>ठेगाना: स्वाठी ८, नवलपरासी (हाल: सुनवल ९, नवलपरासी)<br>नागरिकता नं.: ६९२०७<br>पति/पिताको नाम: हरि प्रसाद ज्ञवाली<br>नाता: पति | सामुहिक जमानी |
| २२) | सुनवल, नवलपरासी | ऋणीको नाम/थर: तिजा कुवंर योगी<br>ठेगाना: सुनवल ५, नवलपरासी (हाल : सुनवल ४, नवलपरासी)<br>नागरिकता नं.: ३६३०३९/११४<br>पति/पिताको नाम: श्याम प्रसाद कवंर योगी/तेज प्रताप बहादुर कवर<br>बाजे/ससुरा : कल्पनाथ कवंर योगी | नाम/थर: स्याम प्रसाद कवंर योगी<br>ठेगाना: सुनवल १, नवलपरासी (हाल : सुनवल ४, नवलपरासी)<br>नागरिकता नं.: ४८०४७<br>पति/पिताको नाम: कल्पनाथ कवंर योगी (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| २३) | सुनवल, नवलपरासी | ऋणीको नाम/थर: अनिता बि.क.<br>ठेगाना: केरवानी ४, रुपन्देही (हाल : सुनवल १, नवलपरासी)<br>नागरिकता नं.: २००३४<br>पति/पिताको नाम: विजय वि.क./धन बहादुर कामी<br>बाजे/ससुरा : राजेन्द्र कुमार वि.क. | नाम/थर: बुद्धीमाया विश्वकर्मा<br>ठेगाना: माकर ४, नवलपरासी (हाल : सुनवल १, नवलपरासी)<br>नागरिकता नं.: ५८९२७<br>पति/पिताको नाम: रत्नलाल विश्वकमा / लठ बहादुर सुनार<br>नाता: आमा | सामुहिक जमानी |
| २४) | ठुटिपिपल, रुपन्देही | ऋणीको नाम/थर: गायत्री शाह<br>ठेगाना: सिद्धार्थनगर ७, रुपन्देही<br>नागरिकता नं.: २७३६६<br>पति/पिताको नाम: विकास शाह/टेक बहादुर सिंह थापा क्षेत्री<br>बाजे/ससुरा : व्रज कुमार शाह | नाम/थर: जसमिन शाह<br>ठेगाना: सिद्धार्थनगर ७, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-६९-०४८०६<br>पति/पिताको नाम: विकास शाह (पिता)<br>नाता: छोरी | सामुहिक जमानी |
| २५) | ठुटिपिपल, रुपन्देही | ऋणीको नाम/थर: रुपा थारु<br>ठेगाना: तिलोत्तमा १३, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७४-०५५८८<br>पति/पिताको नाम: सन्तोष थारु/प्रेम बहादुर थारु<br>बाजे/ससुरा : भन्नी प्रसाद थारु | नाम/थर: सन्तोष थारु<br>ठेगाना: तिलोत्तमा १७, रुपन्देही (हाल: तिलोत्तमा १३, रुपन्देही )<br>नागरिकता नं.: ३७-०१-७२-०१५०१<br>पति/पिताको नाम: भन्नी प्रसाद थारु<br>नाता: पति | सामुहिक जमानी |
| २६) | ठुटिपिपल, रुपन्देही | ऋणीको नाम/थर: गीता देवी अहिर<br>ठेगाना: ओमसतिया ३, रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७४-०६५५९<br>पति/पिताको नाम: राम बचन अहिर /अन्तु अहिर<br>बाजे/ससुरा : राम लगन अहिर | नाम/थर: राम बचन अहिर<br>ठेगाना: फर्साटिकर ९, रुपन्देही (हाल: ओमसतिया ३, रुपन्देही)<br>नागरिकता नं.: ७३२७<br>पति/पिताको नाम: राम लगन अहिर (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| २७) | सोनपुर, बर्दिया | ऋणीको नाम/थर: भोजया थारु<br>ठेगाना: दौलतपुर ५, बर्दिया (हाल: राजापुर १ बर्दिया)<br>नागरिकता नं.: १५३४३<br>पति/पिताको नाम: राजाराम थारु /झोलगु थारु<br>बाजे/ससुरा : हरी प्रसाद थारु | नाम/थर: राजाराम थारु<br>ठेगाना: दौलतपुर ५, बर्दिया (हाल: राजापुर १ बर्दिया)<br>नागरिकता नं.: ६४८<br>पति/पिताको नाम: हरी प्रसाद थारु<br>नाता: पति | सामुहिक जमानी |
| २८) | सोनपुर, बर्दिया | ऋणीको नाम/थर: बिष्णू के.सी.<br>ठेगाना: राजापुर ७, बर्दिया (हाल: राजापुर ३ बर्दिया)<br>नागरिकता नं.: ६५१००१/६७७<br>पति/पिताको नाम: भिम बहादुर के.सी./विनि बहादुर देवकोटा<br>बाजे/ससुरा : तेज बहादुर के.सी | नाम/थर: टिका बहादुर देवकोटा<br>ठेगाना: राजापुर ७, बर्दिया (हाल: राजापुर ३ बर्दिया)<br>नागरिकता नं.: १०७४९<br>पति/पिताको नाम: विनि बहादुर देवकोटा (पिता)<br>नाता: दाई | सामुहिक जमानी |
| २९) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थर: असरुन निसा दर्जी<br>ठेगाना: महराजगंज १, कपिलवस्तु<br>नागरिकता नं.: ३८१०४६/२१६<br>पति/पिताको नाम: अब्दुल शमद दर्जी/कलप हुसेन मु.<br>बाजे/ससुरा : मुनशरिफ दर्जी | नाम/थर: तबरेज दर्जी<br>ठेगाना: महराजगंज १, कपिलवस्तु<br>नागरिकता नं.: ३८-०१-७७-०४१९०<br>पति/पिताको नाम: अब्दुल शमद दर्जी (पिता)<br>नाता: छोरा | सामुहिक जमानी |
| ३०) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थर: बिना लोहार<br>ठेगाना: मलवाड २, कपिलवस्तु (हाल: वाणगंगाा ९, कपिलवस्तु)<br>नागरिकता नं.: ३८१०५१/३७१४८<br>पति/पिताको नाम: उन बहादुर लोहार/धर्मसिंह विशलु लोहार<br>बाजे/ससुरा : जंग लाल लोहार | नाम/थर: उन बहादुर लोहार<br>ठेगाना: मलवाड २, कपिलवस्तु (हाल: वाणगंगाा ९, कपिलवस्तु)<br>नागरिकता नं.: १९४३२<br>पति/पिताको नाम: जंग लाल लोहार (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| ३१) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थर: मीना कहार<br>ठेगाना: कपिलवस्तु १०, कपिलवस्तु (हाल: कपिलवस्तु ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८१०७८/४१८०<br>पति/पिताको नाम: राजेश कहार /रामनेवास कहार<br>बाजे/ससुरा : सोमई कहार | नाम/थर: राजेश कहार<br>ठेगाना: कपिलवस्तु १०, कपिलवस्तु (हाल: कपिलवस्तु ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८-०१-०६९-२८९७४<br>पति/पिताको नाम: सोमई कहार (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| ३२) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थर: रीता कहाँर<br>ठेगाना: निग्लिहवा ७, कपिलवस्तु, (हाल: कपिलवस्तु ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८१०४८/७२५<br>पति/पिताको नाम: राम कुमार कहार / सोमई कहार<br>बाजे/ससुरा : वावुराम कहार | नाम/थर: श्याम सुन्दर कहार<br>ठेगाना: धनकौली २, कपिलवस्तु (कपिलवस्तु ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८-०१-७२-०३१०१<br>पति/पिताको नाम: राम कुमार कहार (पिता)<br>नाता: छोरा | सामुहिक जमानी |
| ३३) | बनगाई, कपिलवस्तु | ऋणीको नाम/थर: सुमिरता कुर्मी<br>ठेगाना: क.व.न.पा. १०, कपिलवस्तु (हाल: कपिलवस्तु ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८३०७८/२२३<br>पति/पिताको नाम: जोखु कुर्मी /छेदी कुर्मी<br>बाजे/ससुरा : मुसे कुर्मी | नाम/थर: शिव प्रसाद पासी<br>ठेगाना: क.व.१२, कपिलवस्तु (हाल: कपिलवस्तु ३, कपिलवस्तु)<br>नागरिकता नं.: ३८१०७८/३३३२७<br>पति/पिताको नाम: भगवान दास पासी<br>नाता: छिमेकी | सामुहिक जमानी |
| ३४) | डिगिया, बाँके | ऋणीको नाम/थर: धनि बुढा<br>ठेगाना: थालारैकर ४, जाजरकोट (हाल: बैजनाथ २, बाँके )<br>नागरिकता नं.: ६२३०१३/७४<br>पति/पिताको नाम: जय बहादुर बुढा /राम वहादुर खत्री<br>बाजे/ससुरा : मान बहादुर वुढा | नाम/थर: जय बहादुर बुढा<br>ठेगाना: थालारैकर ५, जाजरकोट<br>नागरिकता नं.: १४४७<br>पति/पिताको नाम: मान बहादुर वुढा (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| ३५) | डिगिया, बाँके | ऋणीको नाम/थर: गंगा सिंह<br>ठेगाना: भेरी गंगा ११, सुर्खेत (बैजनाथ ३, बाँके )<br>नागरिकता नं.: ६४-०१-७९-०१०६३<br>पति/पिताको नाम: प्रेम बहादुर शाही/बम बहादुर सिंह ठकुरी<br>बाजे/ससुरा : गोपाल शाही | नाम/थर: प्रेम बहादुर शाही<br>ठेगाना: बैजनाथ ३, बाँके<br>नागरिकता नं.: ६६-०६-७७-०३३४७<br>पति/पिताको नाम: गोपाल शाही<br>नाता: पति | सामुहिक जमानी |
| ३६) | डिगिया, बाँके | ऋणीको नाम/थर: गिता रानी थारु<br>ठेगाना: नौवस्ता २, बाँके (हाल: बैजनाथ २, बाँके )<br>नागरिकता नं.: ०६६३०४६/६८५<br>पति/पिताको नाम: धनवा थारु/पल्टन थारु<br>बाजे/ससुरा : भगौती थारु | नाम/थर: धनवा थारु<br>ठेगाना: कोहलपुर २, बाँके (हाल: बैजनाथ २, बाँके )<br>नागरिकता नं.: १२१/१९३२/१९८५/६<br>पति/पिताको नाम: भगौती थारु<br>नाता: पति | सामुहिक जमानी |
| ३७) | डिगिया, बाँके | ऋणीको नाम/थर: मनसरा कामी<br>ठेगाना: जगनाथ ३, दैलेख (हाल: बैजनाथ २, बाँके )<br>नागरिकता नं.: ६३१०१४/१५४<br>पति/पिताको नाम: बद्री बहादुर कामी/पुने नेपाली<br>बाजे/ससुरा : लाल बहादुर कामी | नाम/थर: बद्री बहादुर कामी<br>ठेगाना: जगनाथ ३, दैलेख<br>नागरिकता नं.: १०९५५५/७<br>पति/पिताको नाम: लाल बहादुर कामी<br>नाता: पति | सामुहिक जमानी |
| ३८) | गणेशपुर, बर्दिया | ऋणीको नाम/थर: साबित्री मल्हा<br>ठेगाना: बदैयाताल ७, बर्दिया<br>नागरिकता नं.: ६५-०१-७४-०८१९६<br>पति/पिताको नाम: राम सेवक मल्हा/राजाराम<br>बाजे/ससुरा : विश्वनाथ मल्हा | नाम/थर: राम सेवक मल्हा<br>ठेगाना: कालिका १, बर्दिया (हाल : बदैयाताल ७, बर्दिया )<br>नागरिकता नं.: ६५३००९/४<br>पति/पिताको नाम: विश्वनाथ मल्हा<br>नाता: पति | सामुहिक जमानी |
| ३९) | गणेशपुर, बर्दिया | ऋणीको नाम/थर: पुनमा चमार<br>ठेगाना: मोहम्मदपुर ७ वर्दिया (हाल: बदैयाताल ८, बर्दिया)<br>नागरिकता नं.: ६५१००८/१४६५<br>पति/पिताको नाम: कलिराम चमार/सोमै चमार<br>बाजे/ससुरा : दुगी चमार | नाम/थर: कलिराम चमार<br>ठेगाना: मोहम्मदपुर ७ वर्दिया (हाल: बदैयाताल ८, बर्दिया)<br>नागरिकता नं.: ६५१००८/२२२<br>पति/पिताको नाम: दुगी चमार<br>नाता: पति | सामुहिक जमानी |
| ४०) | हैरया, रुपन्देही | ऋणीको नाम/थर: मीना कुमारी थापा<br>ठेगाना: विष्णुपुरा १, रुपन्देही (हाल : गैदहवा ४,रुपन्देही)<br>नागरिकता नं.: ३७१०४०/३०८३४<br>पति/पिताको नाम: देव वहादुर थापा/नर बहादुर सोती<br>बाजे/ससुरा : क्षेत्र बहादुर थापा | नाम/थर: तेजेन्द्र थापा<br>ठेगाना: गैडहवा ४,रुपन्देही<br>नागरिकता नं.: ३७-०१-७९-०३८४९<br>पति/पिताको नाम: देव वशहादुर थापा (पिता)<br>नाता: छोरा | सामुहिक जमानी |
| ४१) | हैरया, रुपन्देही | ऋणीको नाम/थर: पुनम क्षेत्री<br>ठेगाना: रुद्रपुर १, रुपन्देही (हाल: कञ्चन ४, रुपन्देही)<br>नागरिकता नं.: ३७३०३७/२३४<br>पति/पिताको नाम: बखत बहादुर क्षेत्री/होम बहादुर क्षेत्री<br>बाजे/ससुरा : हर्क बहादुर क्षेत्री | नाम/थर: सरोज क्षेत्री<br>ठेगाना: कञ्चन ४, रुपन्देही<br>नागरिकता नं.: ३७-०२-७८-०५९४१<br>पति/पिताको नाम: बखत बहादुर क्षेत्री<br>नाता: छोरा | सामुहिक जमानी |
| ४२) | हैरया, रुपन्देही | ऋणीको नाम/थर: रेम्मी गुरुङ्ग<br>ठेगाना: रुद्रपुर ३, रुपन्देही (हाल: कञ्चन ५, रुपन्देही)<br>नागरिकता नं.: ३७-०२-७१-१३५४६<br>पति/पिताको नाम: दुर्गा वहादुर गुरुङ्ग/ओक बहादुर घर्ति<br>बाजे/ससुरा : लाल बा. गुरुङ्ग | नाम/थर: रेशु घर्ति क्षेत्री<br>ठेगाना: गजेडी ३, रुपन्देही(हाल: कञ्चन ५, रुपन्देही)<br>नागरिकता नं.: २९६२६<br>पति/पिताको नाम: राम बहादुर घर्ति क्षेत्री /ओक बहादुर घती<br>नाता: बैनी | सामुहिक जमानी |
| ४३) | हैरया, रुपन्देही | ऋणीको नाम/थर: सकरुन निसा<br>ठेगाना: सुर्यपुरा २, रुपन्देही (हाल : गैडहवा ८,रुपन्देही)<br>नागरिकता नं.: ३७-०१-७१-००१११<br>पति/पिताको नाम: वली महमद खाँ/अजुब खाँन<br>बाजे/ससुरा : हजरत अलि खाँ | नाम/थर: वली महमद खाँ<br>ठेगाना: सुर्यपुरा २, रुपन्देही (हाल : गैदहवा ८,रुपन्देही)<br>नागरिकता नं.: ५/५/१८९<br>पति/पिताको नाम: हजरत अलि खाँ (पिता)<br>नाता: पति | सामुहिक जमानी |
| ४४) | हैरया, रुपन्देही | ऋणीको नाम/थर: लिला कुमारी कंवर<br>ठेगाना: यम्घा ७, पाल्पा (हाल : गैडहवा ४,रुपन्देही)<br>नागरिकता नं.: ६६१<br>पति/पिताको नाम: भिम बहादुर बाकावल/ तुला कंवर<br>बाजे/ससुरा : रुक्मा वल | नाम/थर: माया आले<br>ठेगाना: यम्घा ७, पाल्पा (हाल : गैडहवा ४,रुपन्देही)<br>नागरिकता नं.: १२०८३२<br>पति/पिताको नाम: फज बहादुर आले /धन बहादुर कनौजे<br>नाता: बहिनी | सामुहिक जमानी |
| ४५) | हरैया, रुपन्देही | ऋणीको नाम/थर: दाशी थारु<br>ठेगाना: पटना ७, कपिलबस्तु (हाल: वाणगंगा १०, कपिलवस्तु )<br>नागरिकता नं.: ३८.०१.०६७.०३५९४<br>पति/पिताको नाम: ओम प्रकाश थारु /जित बहादुर थारु<br>बाजे/ससुरा : टुन्डन थारु | नाम/थर: गिता थारु<br>ठेगाना: पटना ४, कपिलवस्तु (हाल: वाणगंगा १०, कपिलवस्तु)<br>नागरिकता नं.: ३८-०१-७१-०३४९७<br>पति/पिताको नाम: सरजु थारु / ओम प्रकाश थारु<br>नाता: छोरी | सामुहिक जमानी |
| ४६) | हरैया, रुपन्देही | ऋणीको नाम/थर: सुनीता थारु<br>ठेगाना: वाणगंगा ४, कपिलवस्तु (हाल: वाणगंगा १०, कपिलवस्तु )<br>नागरिकता नं.: ३८-०१-७३-००११६<br>पति/पिताको नाम: गरीवे थारु /लक्षमन थारु<br>बाजे/ससुरा : साध्बिु थारु | नाम/थर: गरीबे थारु<br>ठेगाना: पटना ४, कपिलवस्तु (हाल: वाणगंगा १०, कपिलवस्तु)<br>नागरिकता नं.: ३८३००४/५५<br>पति/पिताको नाम: साध्बिु थारु<br>नाता: पति | सामुहिक जमानी |
| ४७) | हरैया, रुपन्देही | ऋणीको नाम/थर: सुषमा हरिजन<br>ठेगाना: जोगडा १, रुपन्देही (हाल: गैडहवा २, रुपन्देही )<br>नागरिकता नं.: ३७१०४१/२८६४६<br>पति/पिताको नाम: शिव कुमार रैदास/जगदीश चमार<br>बाजे/ससुरा : गोमती रैदास | नाम/थर: शिव कुमार रैदास<br>ठेगाना: जोगडा १, रुपन्देही (हाल: गैडहवा २, रुपन्देही )<br>नागरिकता नं.:११५१८<br>पति/पिताको नाम: गोमती रैदास<br>नाता: पति | सामुहिक जमानी |
